# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ७७/७८
च.नं. १०६०

मिति २०७७/०६/२६

श्री वडा कार्यालयहरु सवै
राप्ती नगरपालिका, चितवन ।

**विषय: परिपत्र सम्वन्धमा ।**

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय चितवनको मिति २०७७/६/१४ प.सं.०७७/७८ च.न. २२७ को पत्र यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । सो सम्वन्धमा तहाँ कार्यालयबाट आफ्नो क्षेत्रभित्र नियमित टुर गस्ति गराई विना इजाजत अवैद्य रुपमा संकलन तथा निकासी भइरहेका ढुगां, गिट्टि, बालुवा लगायतका वन पैदावार नियन्त्रणका लागि निर्देशन भएअनुसार कार्य गर्न गराउनुहुन आदेशाअनुसार अनुरोध छ ।

सारदा देवी शर्मा
प्रशासकीय अधिकृत
अधिकृत छैठौं

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय चितवन

वागमती प्रदेश

भरतपुर, चितवन, नेपाल

प.सं. ०७७/०७८ (प्र.)
च.नं. २२६

मिति :२०७७।६।१४

विषय : नदी जन्य पदार्थ संकलन तथा घाटगद्धि सम्वन्धमा ।

श्री भरतपुर, हरिपुर, कालिका, इच्छाकामना, खगेडी, खैरहनी, कोराक, राप्ती सव डिभिजन वन कार्यालय चितवन ।

प्रस्तुत विषयमा त्यस सव डिभिजन वन कार्यालयहरुको कार्य क्षेत्र अन्र्तगतका वन क्षेत्रमा रहेका विभिन्न नदी एवं खोला, नालाहरुबाट विना इजाजत अवैध रुपमा ढुंगा, गिटी, बालुवा लगायतका वन पैदावार संकलन गरी निकासी भईरहेको एवं त्यस्ता वन पैदावारहरु कही कतै वन क्षेत्रमा (सामुदायिक वन, कवुलयित वन, धार्मिक वन समेतमा) घाटगद्धि गरेको समेत भन्ने जन गुनासो यस कार्यालयमा प्राप्त भएकोले आ-आफनो क्षेत्रमा नियमित टुर गस्ती गरी गराई त्यस्ता कार्य हुन नदिने व्यवस्था मिलाउन हुनका साथै त्यस्ता कार्य भए गरेको पाईएमा रोक्का राखी/ नियन्त्रण गरी नियमानुसार कारवाही गरी पेश गर्नु हुन अनुरोध छ ।

०७७।०६।१४

पदमराज नेपाल
डिभिजनल वन अधिकृत

वोधार्थ
श्री जिल्ला समन्वय समितिको कार्यालय, चितवन ।
श्री भरतपुर महानगर पालिका, नगरपालिकाको कार्यालय, भरतपुर ।
श्री रत्ननगर/ राप्ती/ खैरहनी/ कालिका नगरपालिका
नगरपालिकाको कार्यालय, चितवन ।
श्री जिल्ला प्रशासन कार्यालय, चितवन ।

फोन नं. ०५६-५२०२१५
इमेल:chidfo.moitfe@bagamati.gov.np